नेपाली

Vol.35 2023.09

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




## 【सहरवासी खेलकुद माचुरी】



व्यापक रूपमा सहरवासी सबैको खेलकुद प्रतिको चासो र बुझाइलाई गहिराउन र यस प्रयासप्रतिको उत्सुकता बढाउनको लागि "खेलकुदको दिन" मा विभिन्न खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिहरूसँग नजिकिने अवसर प्रदान गरिन्छ।

- 2023 साल अक्टोबर 9 तारिख (सोमबार, सार्वजनिक बिदाको दिन)
- सहर भित्रका खेलकुदका सुविधाहरू, पार्क, विद्यालय आदि
- सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
  ☎ 03-5471-8787 FAX 03-5471-8789 E-mail info@sports-ota.or.jp
- सामान्यतया निशुल्क। तर केही शुल्क लाग्ने कुराहरू पनि छन्।
- सामान्यतया अग्रिम रूपमा आवेदन दिनुपर्दैन। तर केही अग्रिम रूपमा आवेदन दिनुपर्ने कुराहरू पनि छन्।

## 【फुरुहामा निशुल्क खुला गरिने दिन】

के तपाईं कपास जस्तो सेतो न सेतो बालुवामा खाली खुट्टा हिँडेर हेर्न चाहनुहुन्छ? बिच भलिबल, बिच टेनिस जस्ता बिच स्पोर्टसहरू पनि अनुभव गर्न सकिन्छ। खेल्ने सामग्री निशुल्क भाडामा उपलब्ध हुनेछ र बच्चादेखि वयस्कसम्म जसले पनि मज्जा लिन सक्नेछन्।

- सेप्टेम्बर 17 तारिख (आइतबार), सेप्टेम्बर19 तारिख (मंगलबार) अक्टोबर 3 तारिख (मंगलबार), अक्टोबर 15 तारिख (आइतबार)
  (सेप्टेम्बर)10:30 am~12:30 pm 1:30 pm~4:30 pm
  (अक्टोबर) 10:00 am~12:00 pm 1:00 pm~4:00 pm
- ओमोरी हिगासी वाटरसाइड स्पोर्टस् मैदान, बिच भलिबलको मुख्य कोर्ट
  ओता सहर ओमोरी हिगासी 1-37-1
- सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ
  ☎ 03-5471-8787 FAX 03-5471-8789 E-mail info@sports-ota.or.jp
- निशुल्क
- 15 जना जतिसम्म, क्रम अनुसार प्रयोग।
- सोही दिन भलिबल कोर्टमा नाम लेखाउनुहोस्।

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# [अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी]

ओता सहरमा उच्च माध्यमिक विद्यालयमा भर्ना हुने योजना गरिरहनुभएका कर छुट परिवारको व्यक्तिहरू मध्ये, एक निश्चित स्तरको नतिजा मापदण्ड पूरा गरेका व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको व्यवस्था छ।

*सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

2023 साल नोभेम्बर 13 तारिख (सोमबार)~2024 साल जनवरी 12 तारिख (शुक्रबार)

80,000 येन　55 जना

आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।

〒144-8621 ओता सहर कामाता 5-13-14　कल्याण व्यवस्थापन शाखा
☎ 03-5744-1245　FAX 03-5744-1520

# ["सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरू" को पालना गरौं]

1. सामान्यतया सवारी मार्गमाको बायाँ पट्टी चलाउने।
   केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउने र पैदल यात्रीलाई प्राथमिकता दिने।
2. दुई वा सोभन्दा धेरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइटको पालना गर्ने र एक पटक रोकेर सुरक्षा निश्चय गर्ने।
3. राती लाइट बाल्ने।
4. मदिरा सेवन गरेर चलाउन निषेध गरिएको छ।
5. हेल्मेट लगाउने।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315
FAX 03-5744-1527



# [अंग्रेजी चित्र किताब कथा कथन कार्यक्रम]

कथा कथन स्वयं सेवक समूह “लुपिन्स् (Lupines)” द्वारा अंग्रेजीमा चित्र किताब पढेर सुनाउने, तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने), गीत गाउने आदि पनि गरिन्छ। हामी चित्र किताबको माध्यमबाट बालबालिकालाई अंग्रेजी भाषासँग परिचित गराई, शान्त र समृद्ध तरिकामा बालबालिका हुर्कने वातावरण प्रदान गर्दछौं।

जोर नम्बरको महिनाको चौथो शनिबार 11:00 am~

इकेगामी पुस्तकालय बहुउद्देश्यीय कोठा

निशुल्क　8 समूह (हरेक पटक)

अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ (फोनद्वारा अथवा पुस्तकालय आई नाम लेखाउनुहोस्)।

☎ 03-3752—3341　FAX 03-3752-9749

# ["खामिसिबाइ (चित्र देखाएर कथा भन्ने)" (वेदेशी नागरिकहरूको लागि)]

विदेशी नागरिकहरूलाई "खामिसिबाइको एइच्यान" द्वारा देखाइने खामिसिबाइ (चित्र देखाएर कथा भन्ने)। खामिसिबाइ (चित्र देखाएर कथा भन्ने) मा जापानको लोक कथा र संस्कृति सजिलोसँग बुझिने गरी प्रस्तुत गरिन्छ। कलाकार एइच्यानले युरोप र एशियामा पनि प्रदर्शनी गर्नुभएको छ।

2023 साल सेप्टेम्बर 24 तारिख (आइतबार) 2:00 pm ~ 3:30 pm

ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा

निशुल्क　अधिकतम सहभागी संख्या 20 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

फोन, FAX अथवा पुस्तकालय काउन्टरमा आवेदन दिनुहोस्।

ओमोरी मिनामी पुस्तकालय

☎ 03-3744-8411　FAX 03-3744-8421

# [काचु काइस्युको 200 औं वार्षिकोत्सव विशेष प्रदर्शनी]

नयाँ सरकारलाई लडाइ बिना एदो दरबारको हस्तान्तरण पछि काचु काइस्यु र उनका परिवार 4 वर्ष सिजुओकामा बसोबास गरेपछि टोक्योको आकासाका हिकावाको घरमा बसेका थिए। क्राउडफन्डिङ प्रयोग गरी मर्मत गरिएको घरको रेखाचित्र, परिवारको पोर्ट्रेट तस्विर आदि प्रदर्शन गरी काचु परिवारको स्थितिबारे जानकारी दिइनेछ। प्रदर्शनीका साथसाथै नयाँ बनाइएको विशेष भिडियो पनि हेर्न नछुटाउनुहोस्।



2023 साल अगस्ट11 तारिख (शुक्रबार, सार्वजनिक बिदाको दिन)-नोभेम्बर 26 तारिख (आइतबार)

■ भवन खुला रहने समय: 10:00 am~6:00 pm

*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)

*नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

■ भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

काचु काइस्यु स्मारक भवन

☎ 03-6425-7608

FAX 03-6425-7610

# [बाह्रौँ फुरेआइ माचुरी हानेदा र हागिनाका]

यो टोल समिति तथा टोल संघ, स्थानीय कम्पनीहरू, स्योतेनगाइ (पसल संघ) जस्ता विभिन्न संगठनहरू एकजुट भई आयोजना गर्ने स्थानीय माचुरी हो। स्टेजमा इभेन्टको आयोजना गरिनेछ र कार्यक्रम स्थानमा खानेकुरा र पिउनेकुराको बिक्री र अद्वितीय अस्थायी पसलहरू लहरै हुनेछन्।

2023 साल अक्टोबर15 तारिख (आइतबार)

हागिनाका पार्क　युवा बेसबल मैदान

स्वतन्त्र रूपमा सहभागी हुन सकिन्छ

हानेदा मागोमे विशेष उपशाखा कार्यालय

☎ 03-3742-1411

FAX 03-3742-1502

E-mail haneda@city.ota.tokyo.jp

# [फुरुहामा बिच योगा]

समुद्रको ठीक अगाडि बिहानको सूर्यको किरणमा मर्निङ योगा

सुन्दर सूर्यास्तको समयमा सन-सेट योगा

खुला आकाशमुनि हावाको लहर र सूर्यको किरण महसुस गर्दै मन पनि शरीर पनि रिफ्रेस!

मर्निङ योगा: अक्टोबर14 तारिख (शनिबार)　10:00 am~11:00 am

सन-सेट योगा: अक्टोबर1 तारिख (आइतबार)　4:30 pm~5:30 pm

ओमोरी फुरुसातो-नो-हामाबे पार्क बिच एरिया

ओता सहर फुरुसातो-नो-हामाबे पार्क 1-1

निशुल्क　30 जना　सोही दिन बीचमा नाम लेखाउनुहोस्।

सार्वजनिक हितकारी संघ ओता सहर खेलकुद संघ

☎ 03-5471-8787　FAX 03-5471-8789　E-mail info@sports-ota.or.jp

---

···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# [2024 साल अप्रिलदेखिको भर्नाको लागि आवेदन र परामर्श]

### [स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन]

● दायरामा पर्ने व्यक्तिहरू

अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू

● आवश्यक कागजात वितरण

आर्थिक वर्ष 2024 साल संस्करणको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक फारामहरू सेप्टेम्बर 25 तारिख (सोमबार) देखि आवेदन स्थलहरूमा वितरण गरिने हुनाले, आवेदन दिने तरिका आदि निश्चय गर्नुहोस्। विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गरिनेछ।

● बिदाको दिन काउन्टर खुला रहने समय

नोभेम्बर 5 तारिख (आइतबार) 9:00 am बजेदेखि 4:00 pm सम्म आवेदन दिने ठाउँमा नाम लेखाउनुहोस्।

2023 साल अक्टोबर 2 तारिख (सोमबार) ~ नोभेम्बर 30 तारिख (बिहीबार)

आवेदन दिने ठाउँमा हेर्नुहोस्।

आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस्

शिशु स्याहार सेवा शाखा शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी ओता सहर कार्यालय मुख्य भवन 3F ☎ 03-5744-1280

# [सहरको होमपेज र आपत्कालीन प्रतिकार्य पोर्टल साइट 131 भाषामा प्रयोग गर्न सकिन्छ!]




अगस्ट 1 तारिखदेखि सहरको होमपेज र आपत्कालीन प्रतिकार्य पोर्टल साइट 131 भाषामा उपलब्ध हुनेछ र विभिन्न भाषाहरूमा सहरको जानकारी र विपद् क्षति सम्बन्धी जानकारी हेर्न सक्ने बनाइएको छ। शरदमा ताइफुन, ठूलो वर्षा जस्ता प्राकृतिक प्रकोपका क्षतिहरू विशेष रूपमा बढी हुन्छन्। विपद् क्षति सम्बन्धी जानकारीको लागि अर्कोमा हेर्नुहोस्।

1. ओता सहरको होमपेज (131 भाषामा उपलब्ध छ)
2. ओता सहरको आपत्कालीन प्रतिकार्य पोर्टल साइट (131 भाषामा उपलब्ध छ)
3. ओता सहर आपत्कालीन प्रतिकार्य हजार्ड म्याप (अंग्रेजी र चिनियाँ भाषा सँगै लेखिएको संस्करण र सजिलो जापानी भाषा संस्करण)

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

☎ 03-5744-1227 FAX 03-5744-1323

# [प्रारम्भिक जापानी भाषा कोर्सको लागि आवेदन खुला]

यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिको लागि हो। विस्तृत जानकारीको लागि होमपेजमा हेर्नुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981 FAX 03-6410-7982

E-mail mail@ota-goca.or.jp

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

▼ विदेशी नागरिकहरूको लागि जानकारी

▼ बहुभाषी परामर्श काउन्टर

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा

ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र

☎ 03-5744-1227 FAX 03-5744-1323